

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १४१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २१ गते आइतबार ❑ 4 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## गाँजा र घरेलु मदिरालाई ब्राण्डिङ गरौँ : मुख्यमन्त्री पाण्डे


पोखरापत्र संवाददाता

पोखरा, २० जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गाँजा र घरेलु मदिरालाई ब्राण्डिङ गरेर बजारमा बेच्नुपर्ने बताउनुभएको छ।

कास्कीको अन्नपूर्ण गाउँपालिका-११ घान्द्रुकमा आयोजित अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सवमा उहाँले गाँजाबाट औषधि र डाँठबाट धागोको कच्चा पदार्थ निकाल्न सकिने उल्लेख गर्नुभयो । "सम्भाव्यता अध्ययन गरेर औषधिजन्य प्रयोजनका लागि गाँजाको खेती खुला गर्नुपर्छ, यसका लागि कानून र नियमनकारी निकाय चाहिन्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "गाजाँ खेतीलाई वैधानिक बनाउन सकियो भने बाँझो रहेको जग्गाको सदुपयोग हुन्छ, आम्दानीको ठूलो स्रोत बन्छ ।" संघ सरकारले नीति तथा कार्यक्रममा गाँजा खेतीको अध्ययन गर्ने विषय समेटेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । "यो विषयमा हामीले बेलाबेला कुरा उठाउँदै आएका छौँ, सङ्घ सरकारले नै गाँजाको अध्ययन कुरामा जोड दिएको छ, यो राम्रो कुरा हो", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । उहाँले घरेलु मदिरालाई पनि गुणस्तर कायम गरेर बजारमा सहज बिक्री वितरण गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो । "घरेलु मदिरा लुकाएर भए पनि उत्पादन भइरहेकै छ, प्रयोग पनि भइरहेको छ, अब यसलाई ब्राण्डिङ गर्नीतिर लाग्नुपर्छ", उहाँले भन्नुभयो, "पाहुना र पर्यटकलाई विदेशी महँगो रक्सी होइन, स्थानीय उत्पादन चखाउनुपर्छ।" विदेशीले नेपालकै जस्तै घरेलु मदिरालाई ब्राण्डिङ गरेर अरु देशमा समेत पठाइरहेको उहाँले बताउनुभयो । आवश्यक कानूनी प्रबन्ध गरेर घरेलु मदिरा ब्राण्डिङ गर्न सकिने मुख्यमन्त्री पाण्डेको भनाइ थियो । स्थानीय उत्पादनलाई व्यावसायीकरण गर्न सके गाउँठाउँमै आयआर्जन र रोजगारीको बाटो खुल्ने उहाँले बताउनुभयो।




मुख्यमन्त्री पाण्डेले पर्यटकीय गाउँ घान्द्रुकको पहिचान नमेटिने गरी भौतिक पूर्वाधारको विकास गर्नुपर्ने बताउनुभयो । उहाँले घान्द्रुकको मौलिकता विस्तारै ह्रास हुँदै गएकामा चिन्तासमेत व्यक्त गर्नुभयो । "पर्यटक घान्द्रुकको गाउँले परिवेश र संस्कृति हेर्न आउँछन्, यसलाई जोगाइएन भने भोलि यहाँको पर्यटन खस्किन सक्छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो।

## पोखरामा ओलम्पियनहरुलाई सम्मान


पोखरापत्र संवाददाता

पोखरा, २० जेठ

पर्यटकीय नगरी पोखरामा नेपालका ओलम्पियनहरुलाई सम्मान गरिएको छ । नेपाल ओलम्पियस संघको आयोजनामा गण्डकी प्रेदशको राजधानि पोखरामा पहिलो पटक आयोजना भएको ओलम्पियनहरुको पुर्नमिलन तथा सम्मान समारोहको अवसरमा पोखरा महानगर र संघले ओलम्पियनहरुलाई सम्मान गरेको हो।

सन् १९८४ अमेरीकाको लसएन्जल्समा भएको ओलम्पिक गेम्समा सहभागि भएका ८ जना नेपाली खेलाडीहरुलाई सम्मान गरिएको शनिबार पोखरामा ८ जना ओलम्पियनहरुलाई सम्मान गरिएको संघका अध्यक्ष दीपक विष्टले बताउनुभयो।

ओलम्पिकमा सहभागि एथ्लेक्टिक्सका अमिदी यादव, अर्जुन पण्डित र पुष्पराज ओझा, भारतोलनका सुरेन्द्र हमाल, जगदिश प्रधान सम्मानित भएका हुनु भयो । त्यसै गरी वक्सिङका प्रविन तुलाधर, मानबहादुर श्रेष्ठ र दलबहादुर राना मगर सम्मानित हुनु भएको हो । उनीहरुलाई गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सम्मान पत्रको साथमा खादा लगायर सम्मान गर्नुभयो।

क ा य ि क ् म म ा वोल्दै मुख्यमन्त्री पाण्डेले प्रदेशका ओलम्पियनहरुलाई मासिक ५ हजार रुपैया प्रदान गर्ने घोषणा गर्नु भएको छ । खेलाडीहरुको हौसला रुवरुप खेलकुदमा होमियर देशको झण्डा विश्व सामु फहराएका ओलम्पियनहरु सानो सहयोगबाट सुरुवात गरिने भएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो । गण्डकी प्रदेशमा हाल ७ जना ओलम्पियनहरु रहनु भएको छ । ओलम्पियनहरुले समाजमा दिएको योगदान र उहाँहरुले पुराएको योगदानलाई उच्च मुल्याङ्कन गर्नुपर्नेमा उहाँको जोड थियो । हिजोआजको समाज निकै अराजक तर्फ लागेकोले त्यसलाई मार्गदशक बनाउन अनुभवी र पुराना पुस्ताबाट संस्कार र सभ्यता सिक्नुपर्ने मुख्यमन्त्री पाण्डेको भनाई थियो । मुस्ताङमा हाई हल्टिच्यूट खेल मैदान निर्माण गर्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।



नेपाल ओलम्पिक कमिटिका अध्यक्ष जीवनराम श्रेष्ठले नेपालका हिमालसंग जोडेर अझै पनि विभिन्न खेलकुद प्रतियोगिता गर्न नसकिएको बताउनु भयो। अहिलेका ओलम्पियनहरुको सम्मानले अबको नेपाली खेलकुद क्षेत्रको सिमा निर्धारण हुने हुँदा उनीहरुको रेखदेखमा बिषेश ध्यानदिनुपर्नेमा उहाको जोड थियो।

राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङले खेलाडीहरुलाई व्यवसायीक बनाउनु पर्नेमा जोड दिनु भयो । एसियन गेम्समा प्रथम हुने नेपाली खेलाडीलाई ३२ लाख, दोश्रो हुनेलाई १९ लाख र तेश्रो हुनेलाई भने १३ लाख पुरस्कार प्रदान गरिने भएको उहाँले जनाउनु भयो । उक्त समरोहमा गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडा, प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्मा लगायतले वोल्नु भएको थियो । नेपालका ओलम्पियनहरुलाई पोखरामा स्वागत तथा सम्मान एवं डुंगा सयर गर्नु भयो । नेपाल ओलम्पियस संघको आयोजनामा गण्डकी प्रेदशको राजधानि पोखरामा पहिलो पटक आयोजना भएको ओलम्पियनहरुको पुर्नमिलन तथा सम्मान कार्यक्रममा सहभागि हुन पोखरा आएका ओलम्पियनहरुलाई पोखरामा स्वागत तथा सम्मान एवं डुंगा सयर गर्नु भएको हो । संघ, पोखरा महानगरपालिका र पोखरा महानगर खेलकुद विकास समितिकोको व्यबस्थापनमा शनिबार पोखरामा प्रभातफेरीको आयोजना सहित ओलिम्पयनहरुलाई एक समारोहका बिच सम्मान कार्यक्रम गरिएको थियो । पोखरा महानगरका मेयर धनराज आचार्यले ओलम्पियनहरुलाई पोखरामा स्वागत तथा खादा एवं मायाको चिनो प्रदान गर्दै ओलम्पियनहरुलाई पोखरामा सम्मान गर्नु भयो। पोखरामा ओलम्पियनलहरुलाई पोखरामा सम्मान गर्न पाउनु निकै खुसिको कुरा भएको मेयर आचार्यले बताउनु भयो । उक्त अवसरमा गण्डकी प्रदेशका ७ जना ओलम्पियनहरु मध्य ५ जना समेत सम्मानित हुनु भयो । गण्डकी प्रदेशका ऋषिराम प्रधान, सिताराम शाही भगवती खत्री र ज्ञान बहादुर बोहरा सम्मानित हुनु भएको छ भने टिका वोगटी र नारायण गुरुङ बिषेश कारणवस कार्यक्रममा सहभागि हुन


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल : मन्त्री सिम्खडा


पोखरापत्र संवाददाता

पोखरा, २० जेठ

गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री सुशीला सिम्खडाले पर्यटन प्रवर्द्धनको मुख्य आधार हिमाल भएको बताउनुभएको छ । नेपाल पर्वतारोहण सङ्घ अन्नपूर्ण शाखाद्वारा अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयमा आयोजित अन्नपूर्ण आरोहणको ७३औँ दिवसका अवसरमा 'हिमाल आरोहण र पर्यटनप्रवर्द्धनमा देखिएका चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री सिम्खडाले नेपालका हिम चुचुराका बारेमा विश्वसामु जानकारी गराउन आवश्यक भएको बताउनुभयो । मन्त्री सिम्खडाले भन्नुभयो, "त्यसका लागि आवश्यक पूर्वाधार तयार गर्न तीनै तहका सरकार जिम्मेवार हुनु पर्दछ।"

अन्नपूर्ण हिमाल आन्तरिक एवम् बाह्य पर्यटकको आरोहणमा थप आकर्षण बढाउन सबैको साथ र सहयोगको खाँचो औँल्याउँदै मन्त्री सिम्खडाले हिमाली क्षेत्रको समग्र विकासमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमानोरु शेर्पाले पर्वतीय पर्यटनबाट सुरु भएको मुलुकको पर्यटन विकासलाई थप प्रभावकारी बनाउन सङ्घले आवश्यक भूमिका खेल्दै आएको उल्लेख गर्दै हिमाल आरोहणबाट समृद्धि प्राप्त गर्न सकिने विश्वास व्यक्त गर्नुभयो।

विश्वव्यापी समस्याका रूपमा देखिएको जलवायु परिवर्तनबाट हिमाल बचाउने अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउँदै अध्यक्ष शेर्पाले भन्नुभयो, "सङ्घले हिमाली क्षेत्रमा भएको फोहर हटाउने र आरोहणमा सहभागी पथप्रदर्शकलाई विभिन्न खाले तालिमको व्यवस्था गर्दै आएको छ।" पोखरा महानगरपालिका-१७ का वडाअध्यक्ष राधिका शाही योगीले हिमालसँगै धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिँदै यस क्षेत्रको समग्र पर्यटन प्रवर्द्धनमा सरोकारवाला सङ्घ सहकार्य गरेर अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो। आठ हजार ९१ मिटरको उचाइ रहेको अन्नपूर्ण हिमालको फ्रान्सका नागरिक मौरिस हर्जोगको नेतृत्वको टोलीले सन् १९५० जुन ३ तारिखमा सफल आरोहण गरेको थियो।

कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पर्यटन व्यवसायी लक्की कार्की, पर्यटन बोर्डका अधिकृत कुन्दन मिश्र, सङ्ग्रहालय प्रमुख निर्मलाकुमारी न्यौपानेलगायतले हिमाल आरोहणको महत्व र त्यसबाट लिन सकिने फाइदाका बारेमा चर्चा गर्नुभएको थियो।

## नागरिकता विधेयक प्रमाणीकरण गरेर राष्ट्रपतिले संविधानको संरक्षण गर्नुभएको छ : कांग्रेस


पोखरापत्र संवाददाता

पोखरा, २० जेठ


नेपाली कांग्रेसले नागरिकता विधेयक प्रमाणीकरण गरेर राष्ट्रपति रामचन्द्र पौडेलले संसद् र संविधानको सम्मान तथा संरक्षण गर्नुभएको जनाएको छ।

संसद्ले सबै प्रक्रिया पूरा गरेर पारित र प्रमाणित गरी दोस्रो पटक प्रस्तुत गरेको विधेयक संविधानको धारा ११३ को उपाधार (४) बमोजिम प्रमाणीकरण गर्न पर्ने संवैधानिक प्रावधानलाई तत्कालीन राष्ट्रपतिले बेवास्ता गरेर अलपत्रमा पारेको कांग्रेसको टिप्पणी छ। सो विधेयकलाई संविधानको सोही धाराबमोजिम प्रमाणीकरण गरेर वर्तमान राष्ट्रपतिले संसद्को सार्वभौमिकताको रक्षा र संविधानको संरक्षण गर्ने संवैधानिक कर्तव्य पूरा गर्नुका साथै संवैधानिक सङ्कट टार्दै राष्ट्रिय एकताको रक्षासमेत गर्नुभएको कांग्रेसले शनिबार विज्ञप्तिमार्फत स्पष्ट पारेको छ । कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग प्रमुख मीन विश्वकर्माले आज विज्ञप्तिमार्फत संसद्को दुवै सदनबाट दुई पटक पारित भई प्रमाणीकरणका लागि पठाइएको नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन), २०७९ का सम्बन्धमा दुष्प्रचार र संविधानको अपव्याख्या गरिएको भन्दै ध्यानाकर्षण भएको उल्लेख गर्नुभएको छ। "विधेयकमै संविधानको धारा ११३(४) बमोजिम प्रमाणीकरण गर्न राष्ट्रपतिलाई सुझाई सबै प्रक्रिया पूरा गरी आएको विधेयक जस्ताको त्यस्तै प्रमाणीकरण गरिएको स्पष्ट विषयको आफू खुसी अर्थ लगाई जनतामा भ्रम फैलाउन खोजिएको कुराले संवैधानिक पथमा बाधा उत्पन्न गर्दछ", विज्ञप्तिमा उल्लेख छ । लामो समयदेखि विद्यमान रहेको नागरिकता समस्याको समाधान गरेर लाखौँ पीडित नागरिकको पीडामा मलम लगाउने काम भएको कांग्रेसको भनाइ छ। आफ्नो सबै प्रक्रिया पूरा गरी संसद्ले राष्ट्रपति कार्यालयमा प्रस्तुत गरिसकेको विधेयकलाई फेरि संसद्मै फिर्ता गर्न संविधानमा कुनै व्यवस्था नभएको उल्लेख गर्दै प्रमुख विश्वकर्माले त्यसैले संसद्मै फिर्ता गर्नु हास्यास्पद कुरा हुने जनाउनुभएको छ । संसद् अविच्छिन्न उत्तराधिकार भएको संस्था भएको र अघिल्लो संसद्को बहुमतले उक्त विधेयक पारित गरेको उल्लेख गर्दै उहाँले संवैधानिक प्रक्रिया पूरा गरिसकेको विधेयक नयाँ राष्ट्रपतिलाई 'विधेयक यहाँ छ' भनेर कसैले सम्झाइदिनुपर्थ्यो, मन्त्रिपरिषदले सम्झाइदिएको मात्र बताउनुभएको छ ।

"कसले सम्झायो र कुन समय पारेर प्रमाणीकरण गऱ्यो भन्ने कुरा अर्थहीन हो। यसले त हाम्रो राष्ट्रिय आत्मविश्वासलाई कमजोर र दिग्भ्रमित मात्रै गर्छ । देशमा कानून सबैलाई समानरूपमा लागु हुनुपर्छ र सबैले समानरूपमा न्याय पाउनु पर्छ। ज्यान मुद्दामा सजाय पाएका बालकृष्ण ढुंगेललाई एकदिन पनि सजाय नकाटी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले आममाफी दिँदा सञ्चो मानेर बस्नेहरू आफू घटनामा उपस्थित नै नरहेको र केवल उत्पीडन र विभेदमा परेका थारु समुदायको अधिकारको आवाजको नेतृत्व मात्र गरेका रेशम चौधरीलाई सबै राजनीतिक दलको मागअनुसार मन्त्रिपरिषद्को सिफारिसमा बाँकी कैद मिनाहा गरी माफी दिँदा राष्ट्रपति संस्थामाथि नै आक्षेप लगाउँदै हल्ला मच्चाउनु कति उपयुक्त हो ? सत्तामा हुँदा र सत्ताबाहिर रहँदा फेरिने धारणा, मत र अभिव्यक्तिले दल र दलका नेताहरूकै विश्वसनियता कमजोर बनाउने कुरामा सबैको ध्यान पुग्नु जरुरी छ", विज्ञप्तिमा उल्लेख छ।

यस्तो परिस्थिति रहँदा रहँदै राष्ट्रपति जस्तो सम्मानित संस्थाका बारेमा अनावश्यक र अनर्गल प्रचार हुनु खेदजनक रहेको कांग्रेसको भनाइ छ। यस्ता दिग्भ्रमित दुष्प्रचारका पछाडि नलाग्न कांग्रेसले सम्पूर्णमा अपिल गरेको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जाका पालिकाको वार्षिक खाजा र भ्रमणमा ५ करोड खर्च

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २० जेठ

स्याङ्जाका स्थानीयतहले खर्चमा मितव्ययिता नअपनाउदा खाजा र भ्रमणमा ५ करोड भन्दा बढी रकम खर्च भएको महालेखाको तथ्याङ्कले देखाएको छ।




आर्थिक बर्ष २०७८/०७९ मा जिल्लाका पालिकाहरुले खाजा, नास्ता, भ्रमण र विविध शिर्षकमा ५ करोड २२ लाख ९४ हजार २ सय रकम खर्च भएको महालेखाको तथ्याङकले देखाएको हो । महालेखापरीक्षकको कार्यालयले गरेको आर्थिक बर्ष २०७८/०७९ को लेखापरीक्षणबाट स्याङ्जाका सबै पालिकाहरुले खर्चमा मितव्ययिता अपनाउन सुझाव समेत दिएको छ । नयाँ संरचनामा मुलुक गएपछि बनेका स्थानीयतहहरुको महालेखाले परीक्षण गरेको बार्षिक प्रतिवेदन यो ५ औं पटकको हो।

हरेक पटकको प्रतिवेदनमा स्थानीय पालिकालाई सुझाव दिएपनि महालेखाले दिएको सुझावलाई कार्यन्वयन गरेको देखिएको छैन। नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने मापदण्ड तयार छ । तर पनि स्याङ्जाका कुनैपनि पालिकाले सो मापदण्ड अख्तियार गरेको देखिदैन । महालेखापरीक्षकले सबै पालिकालाई आर्थिक पारदर्शितामा हरेक पटक टिप्पणी उठाएको उल्लेख छ। आर्थिक पारदर्शितामा नियमन निकायले दिएको सुझावलाई कार्यान्वयनमा ल्याउन नसक्दा बेरुजु बढेको तथा जथाभावी खर्च हुने गरेको तथ्याङकले देखाउछ। ११ स्थानीयतह रहेको स्याङ्जामा ५ नगरपालिका र ६ गाउँपालिका छन् । खाजा नास्ता खर्चमा सबैभन्दा बढी चापाकोट नगरपालिकाले खर्च गरेको देखिएको छ भने सबैभन्दा कम खर्च भीरकोट नगरपालिकाले गरेको देखिएको छ।

त्यसैगरी गाउँपालिका तर्फ सबैभन्दा बढी खाजामा खर्च आँधीखोला गाउँपालिकाले गरेको छ भने सबैभन्दा कम खर्च फेदिखोला गाउँपालिकाले गरेको महालेखाले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ। हरीनास गाउँपालिकाले भने खाजा नास्तामा खर्च गरेको तथ्याङ्कले देखाएको छैन । चापाकोट नगरपालिकाले आर्थिक बर्ष २०७८/०७९ मा ५९ लाख ९४ हजार रकम खाजामा खर्च गरेको छ। त्यसैगरी गल्याङ नगरपालिकाले ३५ लाख १७ हजार, पुतलीबजार नगरपालिकाले ३८ लाख र वालिङ नगरपालिकाले २१ लाख १५ हजार खाजामा रकम खर्च गरेका छन् । भीरकोट र वालिङले खाजा नास्ता खर्चमा मितव्ययिता अपनाएको देखिन्छ । त्यस्तै गाउँपालिका तर्फ आँधीखोला गाउँपालिकाले आर्थिक बर्ष २०७८/०७९ मा २२ लाख २२ हजार रकम खाजा नास्तामा खर्च गरेको छ । अर्जुनचौपारीले २१ लाख ३० हजार, कालीगण्डकीले १४ लाख ८० हजार, बिरुवाले १४ लाख ७६ हजार र फेदिखोला गाउँपालिकाले १६ लाख ८१ हजार रकम खाजानास्तामा खर्च गरेका छन् । महालेखापरीक्षक कार्यालयले सबै पालिकाहरुलाई खाजानास्तामा बढी खर्च भएको औल्याउदै खर्चमा मितव्ययिता अपनाउन सुझाव दिएको छ । आर्थिक बर्ष २०७४/०७५ देखि महालेखाले सार्वजनिक गरेको बार्षिक प्रतिवेदनमा राय सहित लेखापरीक्षण गर्दै आएको छ। तर खर्चमा न्युनिकरण भन्दा बढ्दै जान थालेको तथ्याङकले देखाएको छ।

पालिकाहरुले गर्ने भ्रमण, अनुगमनमा पनि ठुलो रकम खर्च भएको महालेखाको प्रतिवेदनले देखाएको छ । जिल्लाका ११ ओटा पालिकाले आर्थिक बर्ष २०७८/०७९ मा भ्रमण, अनुगमनका नाममा २ करोड ५१ लाख ७० हजार रकम खर्च गरेका छन् । भ्रमणको उद्देश्य, प्रतिवेदन, दुरी, सवारीसाधनको टिकट समेतको अभिलेख नराखी खर्च लेख्ने गरेको भन्दै महालेखाले टिप्पणी उठाएको छ। भ्रमण र अनुगमनका नाममा सबैभन्दा बढी गल्याङ नगरपालिकाले खर्च गरेको छ भने सबैभन्दा कम वालिङ नगरपालिकाले गरेको छ। गल्याङ नगरपालिकाले आर्थिक बर्ष २०७८/०७९ मा भ्रमण, अनुगमनका नाममा ३५ लाख १७ हजार खर्च गरेको छ। त्यसैगरी चापाकोट नगरपालिकाले २३ लाख ५७ हजार, पुतलीबजारले २१ लाख, भीरकोटले १८ लाख ९० हजार र वालिङ नगरपालिकाले १७ लाख ७२ हजार रकम भ्रमण र अनुगमनका नाममा खर्च गरेका छन् । गाउँपालिका तर्फ आर्थिक बर्ष २०७८/०७९ मा भ्रमण र अनुगमनका नाममा बिरुवा गाउँपालिकाले सबैभन्दा धेरै रकम खर्च गरेको छ भने सबै भन्दा कम फेदिखोला गाउँपालिकाले गरेको छ । बिरुवाले ३० लाख ९७ हजार रकम भ्रमण र अनुगमनका नाममा खर्च गरेको महालेखाले देखाएको छ । त्यसैगरी हरीनास गाउँपालिकाले ३० लाख ९६ हजार, अर्जुनचौपारीले २१ लाख ३० हजार, कालीगण्डकीले २० लाख ९७ हजार, आँधीखोलाले २० लाख र फेदिखोला गाउँपालिकाले १६ लाख ८१ हजार रकम भ्रमण र अनुगमनका नाममा खर्च गरेका छन् । भ्रमण र अनुगमन खर्चलाई व्यवस्थित गर्न महालेखाले सुझाव दिएको छ।

२०७४ मा निर्वाचित भएका जनप्रतिनिधिहरुको यो अन्तिम कार्यकालको खर्च हो । २०७९ बैशाखमा भएको दोस्रो पटकको स्थानीयतहको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुले गरेको खर्च प्रतिवेदन भने आगामी आर्थिक बर्षमा आउने छ । पहिलो निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुले धेरै अनुत्पादक र वितरमुखी बजेट वितरण गरे भन्ने आरोप खेपीरहेका बेला दोस्रो पटकको निर्वाचनबाट निर्वाचित भएका जनप्रतिनिधिहरुको कार्यकुशलता भने हेर्न बाँकी छ।

## पोखरामा...

सक्नु भएन । नेपाली खेलकुदलाई राज्यले विस्तारै बुझ्दै गएको उल्लेख गर्दै मेयर आचार्यले अब नेपाली खेलकुद क्षेत्रले धेरै फट्को मार्ने दाबी गर्नु भयो । विभिन्न खेल संघहरुलाई आफ्नो बार्षिक कार्ययोजना महानगरमा पेश गर्न आग्रह गर्दै मेयर आचार्य अब पोखराको विकास पर्यटनसंगै खेलकुदबाट समेत हुने विश्वास व्यक्त गर्नु भयो। खेलकुदको क्षेत्रबाट आफ्नो शहर, प्रदेश र देशको लागि खेल्ने खेलाडीहरुलाई आफुहरुले सधै सम्मान गर्ने बताउनु भयो । प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले ओलम्पियनहरुलाई स्वागत गर्दै राष्ट्रको लागि खेल्ने खेलाडीहरुलाई राज्यले उचित सम्मान गर्न नसकेको बताउनु भयो।

नेपालका पहिलो ओलम्पियन क्या.रामप्रसाद गुरुङ सहित करिब ५० जना ओलम्पियनहरलाई पोखराको फेवाताल किनार बाराहीघाटमा सम्मान गरिएको संघका अध्यक्ष एवं ओलम्पियन दीपक विष्टले बताउनु भयो । यसैबिच उक्त अवसरमा दक्षिण एसियाली खेलकुद साग तथा नेपाललाई अन्तराष्ट्रिय पदक दिलाउने पोखरा र गण्डकी प्रदेशका केही खेलाडीहरुलाई खेलाडीहरुलाई समेत खादा लगायर सम्मान गरिएको थियो । पोखराको बाराही घाटबाट सुरु भएको प्रभातफेरी, सेन्टर प्वाइन्ट हुदै बाराही घाटमा पुगेर सम्मान कार्यक्रममा परिणत भएको थियो। शसस्त्र प्रहरी वलको ब्याण्ड बाजा, विभिन्न खेल संघका पदाधिकारी, खेलाडी, प्रशिक्षक, खेलकुदकर्मीहरु प्रभातफेरीमा सहभागि हुनु भएको थियो।

ओलम्पियनहरुलाई सम्मान पश्चात फेवा डुंगा व्यवसायी संघठनको समन्वयमा पोखराको फेवातालमा डुंगा सयर गराउदै तालवराही मन्दिर समेत दर्शनको व्यबस्था गराइएको पोखरा खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले बताउनु भयो । जेष्ठ २१ गते संघको वार्षिक साधारण हुने भएको छ । सोही दिन गण्डकी प्रदेशका खेलाडी, खेलकर्मी तथा खेलप्रेमीहरूसँग ओलम्पियनहरुको अन्तरक्रिया कार्यक्रम हुने अध्यक्ष विष्टले बताउनु भयो । झण्डै ६ दशकको अन्तरालमा ९० जना नेपाली खेलाडीले ग्रिष्म (८८ जना) र शितकालिन ओलम्पिक (२ जना) गरी सहभागिता जनाएका थिए। त्यसै गरी पोखराको सहारा एकेडेमीमा केही ओलम्पियनहरु समेत पुगेर अध्ययन अवलोकन गरेको सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ(सुरज)ले बताउनु भयो।

# यामाहाको ‘रे जेडआर १२५ हाइब्रिड’ स्कुटर पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ



यामाहा ब्राण्डको मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता भिएडब्लु इन्टरप्राइजेज पोखराले शुक्रबार रे जेडआर १२५ हाइब्रिड’ स्कुटर सार्वजनिक गरेको छ।

कार्यक्रममा हिमालय रोडिजका कलाकार सुरज सिंह ठकुरी, अनुप बिक्रम शाही, आशिष राना (लाहुरे), दिया मास्के र प्रियंका कार्कीको उपस्थिति थियो । कम्पनीले स्मार्ट मोटर जेनेरेटरसहितको यो स्कुटर नेपालको पहिलो हाइब्रिड स्कुटर भएको दाबी गरेको छ। उपभोक्ताको विभिन्न आवश्यकता र राइडरहरूको प्राथमिकता पूरा गर्न रे जेडआर १२५ हाइब्रिड स्कुटर स्टाण्डर्ड, डिलक्स, प्रिमियम र प्रिमियम प्लस गरी चार ट्रिममा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

स्कुटरमा शक्तिशाली एयर कुल्ड, फ्युल इन्जेक्टेड १२५ सीसी ब्लू कोर इन्जिन रहेको छ। रे जेडआर १२५ श्रृखलाको हाइब्रिड भेरियन्टले स्मार्ट मोटर जेनेरेटरलाई गतिरोधको समयमा शक्ति सहायता प्रदान गर्ने कम्पनीको भनाइ छ।

साइलेन्ट स्टार्टरको रूपमा समेत चिनिने यो नयाँ प्रणालीसँगै इलेक्ट्रिक पावर सपोर्टले इन्धनको बचत गर्ने कम्पनीले जनाएको छ।

यसमा १४५ एमएमको ग्राउन्ड क्लियरेन्स, ९९ किलोग्रामको उल्लेखनीय तौल, युनिफाइड ब्रेकिङ सिस्टम (यूबीएस), साइड स्ट्यान्ड इन्जिन कट-अफ फङ्सन र २१ लिटर अन्डर-सिट भण्डारण जस्ता सुविधा रहेको छ।

इन्टरप्राइजेजका प्रबन्धक सरोज श्रेष्ठले रे जेडआर १२५ हाइब्रिड सिरिजको बारेमा उत्साह व्यक्त गर्दै नेपालको पहिलो हाइब्रिड स्कुटर रे जेडआर हाइब्रिड लन्च गर्न पाउँदा गौरवान्दित भएको बताए । शक्ति, शैली र सुरक्षाको संयोजन गरेर अत्याधुनिक उत्पादनहरू ग्राहकलाई उपलब्ध गराउने उनले प्रतिबद्ध गरे।

रे जेडआर १२५ हाइब्रिडको बेसिक मोडेल स्ट्यान्डर्ड रियर ड्रमको मूल्य दुई लाख ७९ हजार ९०० रूपैयाँ रहेको छ।

# कास्की जिल्ला बक्सिङ संघको अध्यक्षमा पुन : श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, २० जेठ




कास्की जिल्ला बक्सिङ संघको शनिबार सम्पन्न भएको पाचौ अधिवेशनले पुन : सुमन कुमार श्रेष्ठलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको छ।

अधिवेशनले १३ सदस्यीय कार्यसमिती समेत सर्वसम्मत रुपमा चयन गरेको हो । संघको वरिष्ठ उपाध्यक्षमा राज बहादुर काईराला,उपाध्यक्षमा सन्तोष कार्की,सचिव शिशिर थापा मगर, स-सचिव चन्द्र बहादुर गुरुङ र कोषाध्यक्षमा सन्जोग पराजुली चयन भएका छन । त्यस्तै सदस्यहरुमा भक्त तमाङ्ग, अर्जुन गुरुङ,सुरज तमाङ्ग,प्रदिप गुरुङ,विश्व गुरुङ, र प्रियङ्का गुरुङ रहेको छन । सो कार्यक्रममा बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानी र बक्सिङका पूर्व राष्ट्रिय खेलाडी गणेश बहादुर भट्टराई सम्मान गरेको थियो। उहाँहरु दुबैजनाले बक्सिङ खेल विकासमा पुऱ्याउनु भएको योगदानको कदर गर्दे नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गर्ने पोखरा स्पोर्टस अर्वाडमा लाइफ टाइम अचिभमेन्टबाट सम्मानित भई भईसक्नु भएको छ । प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषदका बोर्ड सदस्य राजेश गुरुङ कार्यक्रमको उद्धघाटन गर्दे केन्द्रिय सरकारको बजेट खेलकुदमा उपेक्षा गरको र सम्पुर्ण खेलकर्मी र संस्था निरास भएको बताउदै बक्सिङ खेल विकासमा व्यातिगत र संस्थागत पहल रहने बताए।

संघका अध्यक्ष सुमन कुमार श्रेष्ठको अध्यक्षतामा समपन्न भएको कार्यक्रममा ओल्पियन ओम मास्के,गण्डकी प्रदेश बक्सिङ संघ संयोजक राजेन्द्र पहारी,पूर्व राष्ट्रिय बक्सिङ खेलाडी गणेश बहादुर भट्टराई,नेपाल बक्सिङ संघका केन्द्रिय सदस्य मान बहादुर भण्डारी,बक्सिङ प्रशिक्षक विद्या मर्सानी,राज बहादुर कोइराला लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा ओल्पियन राम प्रसाद गुरुङ,प्रविन तुलाधर,मान बहादुर श्रेष्ठ,विष्णु सिंह,डम्बर बहादुर दत्त,कास्की जिल्ला खेलकुद विकास समितिका सदस्य राजन बडगामी,प्रदेश खेलकुद परिषदका सदस्य खगेन्द्र क्षेत्री,सफलता बक्सिङ संघका अध्यक्ष मोतिराम गुरुङ,नेपाल बक्सिङ संघका केन्द्रिय सदस्य राम बहादुर गिरी ,राष्ट्रिय अन्तराष्ट्रिय खेलाडी संघ कास्कीका अध्यक्ष राजन पौडेल लगायतको उपस्थीति रहेको थियो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# प्रधानमन्त्रीले गलत अभिव्यक्ति फिर्ता लेऊ

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणका क्रममा गैर जिम्मेवार र राष्ट्रहीत विपरित अभिव्यक्ति दिएको भन्दै संसदमा जवाफ माग गर्ने भएको छ । शनिबार नयाँ बानेश्वरमा बसेको पार्टीको संसदीय दलको बैठकले प्रधानमन्त्रीलाई भारत भ्रमणका क्रममा गैर जिम्मेवार पूर्ण अभिव्यक्ति दिएकोप्रति संसदमा जवाफ माग गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्रीले पुष्पकमल दाहालले भारत भ्रमणका क्रममा सञ्चारकर्मीहरुसँग फूलबारी बन्दरगाहसम्मको रुट माग्ने क्रममा सो बाटो उपलब्ध गराए कालापानी र लिपुलेक दिन सकिने भन्ने अभिव्यक्ति दिएका थिए । अहिले प्रधानमन्त्रीको सो अभिव्यक्तिको विरोध भइरहेको छ। बंगलादेशसँग पुग्ने फूलबारी नाका नेपालले प्रयोग गरेको छापहिल्यै सहमति भएको कुरा भुलेर कालापानी ,लिपुलेक र लिम्पियाधुरा भारतलाई दिन सकिन्छ भन्नु राष्ट्रहितमा छैन ।

'हाम्रो सीमा समस्याका बारेमा किन बोल्न सक्नुभएन? फूलबारी बन्दरगाहसम्मको रुट माग्ने क्रममा त्यो बाटो दिए नेपालको भूमीसम्म दिन तयार छौं भन्ने प्रकारको यस्तो गैर जिम्मेवार, राष्ट्रहीत विपरित, राष्ट्रघातका कुराहरु किन त्यस्ता अभिव्यक्ति दिनुभयो,' 'त्यसले देशको गरिमामा आँच आएको छ। सिंगो नेपाली जनताको शिर निहुरिएको छ। यी सबै विषय हामीले सघन ढंगले सदनमा उठाउँने र प्रधानमन्त्रीसँग जवाफ माग्ने एमालेको तयारी छ । प्रधानमन्त्रीले भारतभ्रमणअघि संसदमा उठान गर्ने भनेका विषयहरु उठाउन नसकेर उल्टै भारतीय चाहना अनुसारको विचार आउनु गम्भीर चिन्ताको विषय हो ।

'बजेटका बारेमा आइतबार बाट छलफल शुरु हुँदैछ। सांसदहरुको भुमिका कसरी प्रभावकारी बनाउने? भन्ने र बजेटमा के कमी छन्, कहाँ कमजोरी छन् भन्ने बारेमा अहिले मुलुकको अवस्थालाई बजेटले सम्बोधन हुन सकेको छैन ।यही बेला प्रधानमन्त्रीको भारतीयको नेपाली भूमि अतिक्रमण गरेको कुरा विरोध नगरी घुमाउरो पाराले समर्थन जनाउनु आत्मसमर्पण गर्नु जस्तै हो ।यस्तै अभिव्यक्ति र व्यवहारले प्रधानमन्त्रीको भारत भ्रमण निराशाजनक भएको छाधार्मिक गतिविधिले भारत भ्रमण तीर्थाटन जस्तो भएको छ। प्रधानमन्त्री प्रचण्डले अपनाउँदै आएको विचारबाट च्युत भएको र भारतसामु सबै नाङ्गो बनाएको भनी पार्टीबाट विरोध भएको छाभारतीय शाशक कसरी नङ्ग्याउन सक्छन् भन्ने पाठ पनि भएको छ ।

एमाले संसदीय दलले प्रधानमन्त्रीले भारत भ्रमणमा देशको हीतको पक्षमा बोल्न सक्नुभएन,'हाम्रा मुलुकका सीमा समस्या, त्यस विषयलाई पनि उठाउन सक्नुभएन । इपीजी जुन थियो, त्यसका प्रतिवेदन बुझ्ने सवालमा जुन ढंगले विषय उठाउन सक्नुपर्दथ्यो, यी विषयहरु पनि उहाँले उठाउनु भएनभन्ने विषयलाई गम्भीरतापूर्वक लिएको छ। यो विषय एमालेको मात्र होइन नेपालीको विषय हो ।यसबारेमा सबै दल एक भएर उठाउने र गलत अभिव्यक्ति फिर्ता लिन दबाब दिनु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : व्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जुम्ली मामाभाञ्जीलाई अन्नपूर्ण म्याराथनको उपाधि

पोखरापत्र संवाददाता
पोखरा २० जेठ

जुम्लाका धीराबहादुर बुढा र गणना भण्डारी नाताले मामाभाञ्जी हुनुहुन्छ । म्याराथनमा भविष्य बनाउन सङ्घर्षरत उहाँहरूका लागि आजको दिन सुखद् रह्यो । अन्नपूर्ण आधार शिविरबाट पर्यटकीय गाउँ घान्द्रुकसम्मको 'अन्नपूर्ण म्याराथन'मा पुरुषतर्फको बुढाले र महिलातर्फको उपाधि भण्डारीले हात पार्नुभयो ।

अन्नपूर्ण आरोहण दिवसका अवसरमा आयोजित तेस्रो संस्करणको उक्त म्याराथन प्रतियोगिताबाट बुढा र भण्डारीले सफलताको अर्को सिँढी चढ्नुभयो । यसअघि अल्ट्रा म्याराथनमा भाग लिँदै आउनुभएका बुढाका लागि फुल म्याराथनको यो पहिलो अनुभव हो । नेपाली सेनाका अनुभवी धावकलाई पछाडि पार्दै उहाँ उपाधि जित्न सफल हुनुभएको हो । निर्धारित ४२ दशमलव १९५ किमि दूरी बुढाले चार घण्टा १० मिनेट ५१ सेकेण्डमा पार गर्नुभएको थियो । "देशका लागि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने लक्ष्य छ, अब त्यसकै अभ्यासमा लाग्छु", बुढाले भन्नुभयो, "खेलमा लागेर विदेश भौँतारिने अवस्था नआओस्, सरकारले पनि खेलाडीलाई हेरोस् भन्ने चाहन्छु ।" जुम्लाको कनकासुन्दरी गाउँपालिका-१ की भण्डारीले मामा धीराबहादुरको साथ र हौसलाले आफू म्याराथनमा आएको बताउनुभयो । "मामाले जानुपर्छ, प्रतियोगितामा भाग लिनुपर्छ भनेपछि म यहाँ आएकी हुँ, आज धेरै खुसी छु", उहाँले भन्नुभयो, "ज्यानकै बाजी मारेर कुद्नुपर्छ, तर सफलता हात लाग्दा त्यो सबै भुलिँदोरहेछ ।"

भण्डारीले पाँच घण्टा ४३ मिनेट दुई सेकेण्डमा दूरी पार गर्नुभएको थियो । ओरालो भूभाग भएकाले पहिलेको भन्दा यसपालिको म्याराथनमा केही गाह्रो भएको भण्डारीले सुनाउनुभयो । चार हजार एक सय मिटर उचाइको अन्नपूर्ण आधार शिविरबाट शनिबार बिहान ७ बजे म्याराथन सुरु भएको थियो । माछापुच्छ्रे आधार शिविर, बगर, देउराली हुँदै कास्कीको अन्नपूर्ण गाउँपालिका-११ घान्द्रुकमा आएर म्याराथन सकिएको थियो । भण्डारीले यसअघि जुम्ला र मुगुको रारातालमा भएको म्याराथनमा दोस्रो स्थान हासिल गर्नुभएको थियो । १२ कक्षा उत्तीर्ण उहाँले म्याराथनलाई निरन्तरता दिने उल्लेख गर्नुभयो । उपाधि विजेता बुढाले नगद रु एक लाख ५० हजार र भण्डारीले रु ७५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । पुरुषतर्फ नेपाली सेनाका होमलाल श्रेष्ठले चार घण्टा १२ मिनेट १९ सेकण्डमा उक्त दूरी पार गर्दै उपविजेता बन्नुभयो ।

तेस्रो स्थान बनाउन सफल नेपाली सेनाकै वेदबहादुर सुनवारले चार घण्टा १६ मिनेट ४८ सेकेण्डमा दूरी पार गर्नुभएको थियो । उपविजेता बन्न सफल श्रेष्ठले रु एक लाख र तेस्रो स्थान हासिल गर्नुहुने सुनवारले रु ७५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । महिलातर्फ धादिङकी रशिला तामाङले छ घण्टा पाँच मिनेट दुई सेकेण्डमा निर्धारित दूरी पार गर्दै उपविजेता बन्नुभयो । छ घण्टा ११ मिनेट १६ सेकेण्डमा दूरी पार गर्दै ओखलढुङ्गाकी चोकी शेर्पाले तेस्रो स्थान हासिल गर्नुभयो । उपविजेता तामाङले नगद रु ५० हजार र तेस्रो स्थान बनाउन सफल शेर्पाले नगद रु २५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । विजेता खेलाडीलाई गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुरस्कार प्रदान गर्नुभएको थियो । म्याराथन प्रतियोगितामा पुरुषतर्फ ४२ र महिलातर्फ नौ धावकले सहभागिता जनाएका थिए । अन्नपूर्ण आरोहण दिवसको अवसर पारेर अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सवसँगै म्याराथन प्रतियोगिताको आयोजना गरिएको अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङले बताउनुभयो । गत बुधबारदेखि सुरु भएको पर्यटन महोत्सवमा भलिबल, बास्केटबललगायतका प्रतियोगिता पनि आयोजना गरिएको थियो । पछिल्ला दुई वर्ष कोभिड-१९ महामारीका कारण रोकिएको पर्यटन महोत्सव र म्याराथनलाई यो वर्षदेखि पुनः निरन्तरता दिइएको हो । सन् १९५० जुन ३ तारिखमा पहिलोपटक फ्रान्सेली नागरिक मौरिस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गरेको सम्झनामा बर्सेनि जुन ३ तारिखमा अन्नपूर्ण आरोहण दिवस मनाउने गरिन्छ ।

# हाइकिङ एवं पदमार्ग सरसफाइ

पोखरापत्र संवाददाता
पोखरा २० जेठ

त्रिहत्तरौं अन्नपूर्ण आरोहण दिवसका अवसरमा ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल(टान) गण्डकीको आयोजनामा आज मर्दी पदमार्गको मेलबोट-सुनाभाँञ्जी-देउराली-आस्ताम क्षेत्रमा हाइकिङ एवं सरसफाइ गरिएको छ ।

सन् १९५० जुन ३ तारिखमा सर्वप्रथम फ्रान्सका मोरिस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गरेको दिनको महत्वलाई उजागर गर्दै पदमार्ग क्षेत्रमा सरसफाइप्रति सचेतना जगाउन हाइकिङ एवं सरसफाइ आयोजना गरिएको टान गण्डकी प्रदेशका अध्यक्ष धर्मराज पन्थीले जानकारी दिनुभयो । कार्यक्रममा टानमा आबद्ध सदस्यका साथै पोखरामा क्रियाशील पर्यटन सम्बद्ध संस्था पोखरा पर्यटन परिषद् र आबद्ध संस्थाका प्रतिनिधि, सञ्चारकर्मीसहित ७५ जनाको सहभागिता रहेको उहाँले बताउनुभयो । अन्नपूर्ण आरोहण दिवसलाई प्रत्येक वर्ष विभिन्न कार्यक्रमका साथ मनाउँदै आइएको कार्यक्रम संयोजक एवं टान गण्डकी प्रदेशका उपाध्यक्ष दिवस लामिछानेले बताउनुभयो ।

कार्यक्रममा माछापुच्छ्रे गाउँपालिका उपाध्यक्ष सीता अधिकारीले पर्वतारोहणको इतिहास सुरु भएको अन्नपूर्ण आरोहण दिवसको विशिष्ट महत्व रहेको बताउनुभयो । पदयात्रा पर्यटनसहित समग्र पर्यटनको विकासलाई गाउँपालिकाले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो । कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत कुन्दन मिश्र, होटेल एशोसिएशन नेपाल(हान) पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, माछापुच्छ्रे गाउँपालिका-६ का वडा अध्यक्ष टेकनाथ गौतमलगायतले आरोहणको जेठो हिमाल भए पनि अन्नपूर्ण हिमालको आरोहण ओझेलमा परेको बताउनुभयो ।

# ने रे सो पोखरा २६मा ६१ युनिट रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ



नेपाल रेडक्रस सोसाइटि पोखरा २६ मा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रम को उद्घाटन गर्दै प्रमुख अतिथि एवं पोखरा महानगर २६ का वडाध्यक्ष नरेन्द्र थापाले पहिलो रक्तदाता रमेश राज ढुङ्गानालाई ब्लड ब्याक हस्तान्तरण गर्दै रेडक्रसले यो महानकार्य अगाडि बढाएको मा धन्यवाद दिदै यस्तो मानबिय कार्यमा हरेक ब्यक्तिले रक्तदान गरि रगत अभाब हुनबाट बन्चित हुन नपर्ने हुनाले यस्ता कार्यहरू समाजमा रेडक्रस ले मात्र होईन अरू सामाजिक कार्यमा लागेका संस्थाले पनि गर्नुपर्ने बताए । त्यसैगरी बिशिष्ट अतिथिको रूपमा ने रे सो कास्कीका सभापति डण्डराज शर्माले मानबिय सेवामा रेडक्रसले निरन्तर लागि परेकोबताए ।

नेपाल रेडक्रस सोसाईटी पोखरा २६ उपशाखा र युवा रेडक्रस सर्कल पोखरा २६ को सम्युक्त आयोजनामा सम्पन्न कार्यक्रम मा नेरेसो पोखरा २६ उपशाखाका सभापति शैलेन्द्र मोहन भट्टराई, युवा सर्कलका निबर्तमान अध्यक्ष सन्दिप ढुङ्गाना, शिक्षासेवी रबि बराल, सामाजिक ब्यक्तित्व शिव बहादुर रानाभाट, युवा सर्कलका उपाध्यक्ष सूर्यचन्द राजभट , विशाल रानाभाट लगाएले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरेका थिए, भने सर्कलका अध्यक्ष बिकाश रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रम सन्चालन सचिव तृप्ति भण्डारीले गरेकी थिईन् ।

# गण्डकी प्रदेशस्तरिय परम्परागत ठेलो प्रतियोगितामा पर्वतको कब्जा

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ



गण्डकी प्रदेशस्तरिय परम्परागत ठेलो प्रतियोगितामा पर्वत जिल्लाले कब्जा जमाएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा शनिबार म्याग्दीको बेनीमा सम्पन्न प्रतियोगितामा पर्वतले क्लिन स्विप गर्दै कब्जा जमाएको हो । पर्वतले पहिलो, दोश्रो र तेश्रो तिनै स्थानमा कब्जा जमाएको छ । पर्वतका किरण विकले १४.०१ मिटरको दुरी ठेलो फाल्दै पहिलो स्थान प्राप्त गर्न सफल भए । उनले नगद रु २५ हजारका साथमा शिल्ड, मेडल र प्रमाणपत्र हात पारे ।

त्यस्तै पर्वतका राजेन्द्र हमालले १३.९७ मिटरको दुरी फाल्दै दोश्रो भए भने निशान बोहराले १२.८२ मिटर ठेलो फाल्दै तेश्रो स्थानमा चित्त बुझाए । दोश्रो भएका हमालले नगद रु १५ हजार र तेश्रो भएका बोहराले नगद १० हजारका साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको प्रतियोगिताका संयोजक योगेन्द्र शेरचनले जानकारी दिए ।

प्रतियोगितामा म्याग्दी, बागलुङ र पर्वतका गरी १२ खेलाडीहरुको सहभागिता रहेको थियो । लमजुङ र कास्कीले प्रतियोगितामा सहभागिता जनाउने बताए पनि अन्तिम समयमा अनुपस्थित रहेका थिए । प्रतियोगितामा बिजेता खेलाडीहरुलाई बेनी नगरपालिकाका प्रमुख सुरज केसी, प्रदेश खेलकुद परिषदकी सदस्य चन्द्रा घले गुरुङ, जिल्ला खेलकुद म्याग्दीका अध्यक्ष दिनेश केसी लगायतले नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

ठेलो प्रतियोगिता गण्डकी प्रदेशमा परम्पराको रुपमा खेलिदै आएकोमा सो को सरक्षण, प्रवर्द्धन र प्रचार प्रसारका लागि आयोजना गरिएको परिषदका सदस्य समेत रहेका शेरचनले बताए ।

# महिला कैदीबन्दी आयआर्जनमा

पोखरापत्र संवाददाता
तनहुँ, २० जेठ

तनहुँ कारागारमा रहेका महिला कैदीबन्दी पछिल्लो समय आयआर्जनमा लागेका छन् । सुरुआतमा कारागारमा रहेका १६ मध्ये पाँच महिला कैदीबन्दीले तानबाट झोलाको कपडा बुनेर आम्दानी गर्न थालेका थिए । हाल कारागारका अन्य महिला कैदीबन्दीले पनि उनीहरूकै सिको गरिरहेका छन् ।

कपडा बुन्न आवश्यक कच्चापदार्थ, तानलगायतको व्यवस्था मिलाएको कारागारकी चौकीदार मनमाया विक बताउनुहुन्छ । पोखरा कारागारमा रहेका महिला कैदीबन्दीलाई तनहुँ कारागारमा स्थानान्तरण गरिएपछि त्यहाँ सिकेको सीपलाई यहाँ निरन्तरता दिएको उहाँले बताउनुभयो । "कारागारमा रहेका अन्य महिला कैदीबन्दी पनि सीप सिक्न थालेका छन्", विकले भन्नुभयो । उनीहरूले मासिक रु तीन हजारदेखि रु चार हजारसम्म आम्दानी गर्न थालेका छन् ।

कैदीबन्दीले कारागारमा कमाएको रकमबाट आफ्नो खर्च चलाएर बाँकी घरमा पठाउने गरेका छन् । एउटा झोलाका लागि आवश्यक कपडा बुन्दा महिला कैदीबन्दीले रु चार सय ज्याला पाउने गरेका छन् । कैदीबन्दीले झोलाका लागि बुनेर तयार पारेको कपडा कारागारले नै बिक्रीको व्यवस्था मिलाएको तनहुँ कारागारका प्रशासक नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

"यत्तिकै खाली हात बस्नुभन्दा केही उद्यम गरेर आयआर्जन गर्न थालेपछि कैदीबन्दी उत्साहित छन्", उहाँले भन्नुभयो, "कारागारबाट घर फर्किएपछि आफैँले व्यवसाय सञ्चालन गरेर जीविकोपार्जन गर्न सहयोग पुग्छ ।"

भवन डिभिजन कार्यालय कास्कीको रु पाँच लाख सहयोगमा महिला कैदीबन्दीका लागि तान बुन्न पूर्वाधार निर्माण गरिएको छ । गण्डकी प्रदेशका पूर्व आन्तरिक मामिला तथा कानुनमन्त्री दोबाटे विश्वकर्माले समेत कारागारमा विभिन्न पूर्वाधार निर्माणका लागि रु १० लाख बजेट विनियोजन गर्न सहयोग गर्नुभएको थियो ।

# भलिबलको उपाधि एपिएफलाई

रासस
काठमाडौं, २० जेठ

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान हेटौंडाको आयोजनामा भएको पुरुष राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बल (एपिएफ) ले हात पारेको छ ।

शनिबार भएको फाइनल खेलमा एपिएफ त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै उपाधि चुम्न सफल भएको हो । प्रतियोगितामा उपाधि हात पारेसँगै एपिएफले रु दुई लाखसहित ट्रफी र मेडल प्राप्त गरेको छ । उपविजेता त्रिभुवन आर्मी क्लबले रु एक लाखसहित ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । 'बेष्ट अफ फाइभ'मा खेलाइएको खेलमा एपिएफले आर्मीमाथि पहिलो सेटमा २५-२०, दोस्रो सेटमा १७-२५, तेस्रो सेटमा २५-१७ र चौथो सेटमा २९-२७ को जित निकाल्दै उपाधि हासिल गऱ्यो ।

चौथो राउण्डमा निकै प्रतिस्पर्धात्मक रुपमा अगाडि बढेको त्रिभुवन आर्मी एपिएफको सामाना गर्न सकेन् र उपविजेतामा चित्त बुझाउन बाध्य भएको थियो । खेलमा नेपाल पुलिस क्लब र गण्डकी प्रदेश भलिबल टोलीले तृतीय स्थान हासिल गरेसँगै रु ५०/५० हजारसहित ट्रफी र मेडल प्राप्त गरेका छन् ।

# गण्डकी प्रदेशस्तरीय टि–२० क्रिकेट प्रतियोगिताको उपाधि कास्कीलाई

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

गण्डकी प्रदेशस्तरिय टि–२० क्रिकेट प्रतियोगिताको उपाधि कास्कीले जितेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजनामा शनिबार पोखरा रंगशालामा सम्पन्न फाइनलमा नवलपुरलाई १८ रनले पराजित गरेको हो। उपाधि जिते सँगै कास्कीले ट्रफीका साथ नगद १ लाख हात पार्न सफल भएको छ भने उपविजेता रहेको नवलपुरले नगद रु ५० हजार प्राप्त गरेको छ। नवलपुरले टस जितेर ब्याटिङको निम्तो दिएको कास्कीलाई आफ्नो होम ग्राउण्डमा पुरै २० ओभर खेल्दै ८ विकेटको क्षतिमा १४२ रन बनाएको थियो। खेलमा अभिषेक थापाले २५ बलमा २ चौका र २ छक्का प्रहार गर्दै अविजित ३६ रनको पारी खेले। त्यस्तै सोहेल कुँवरले ३२ बलमा ३३ रन, किरण पौडेलले २१ र कृष्ण पौडेलले व्यक्तिगत १० रन बनाए। नवलपुरबाट बलिङ गरेका अपराजित पौडेलले ४ ओभरको स्पेलमा १९ रन खर्चिएर ३ विकेट लिए। कैलाश पगेनीले २ विकेट हात पार्दा शिसिर भुसाल र विशाल पौडेलले समान १–१ विकेट लिएका थिए।



यता १४३ रनको लक्ष्यका साथ मैदानमा उत्रिएको नवलपुर १२४ रनमा समेटिन पुग्यो। नवलपुरलाई ब्याकफुटमा धकेल्न कास्कीका सिब्रिन श्रेष्ठको बलिङ रह्यो। उनले ओपनर रोविन तिमिल्सिनालाई डक आउट पेभिलिएन फर्काए पछि नवलपुरले सम्हालिने मौका नै पाएन। सिब्रिनले नवलपुरका सन्देश बस्नेतलाई व्यक्तिगत १३ रनमा आउट गरे।

यता अभिषेक थापाले समेत २ विकेट झारे। उनले प्रोमिस अर्याललाई १७ र रिजन काफ्लेलाई १९ रनमा नै पेविलिएनको बाटो देखाए। त्यस्तै नितेष गिरीले नवलपुरका लागि सर्वाधिक ३३ रन जोडेका गोविन्द विकालाई मुस्कान थापाबाट क्याच आउट गराए। उनले नै विशाल पौडेल ३ रनमा किरण पौडेलबाट क्याच आउट गराउन पुगे। गत जेठ १४ गतेबाट सुरू भएको प्रतियोगितामा म्यान अफ दि सिरिजको उपाधि नवलपुरका अपराजित पौडेले घोषित भएका छन्। उनले ट्रफीसहित नगद ४ हजार हात पारे। उनी नै बेष्ट बलर घोषित भए। बेष्ट ब्याट्म्यान कास्कीका मुस्कान थापा बन्न सफल भए। उनीहरुले जनही नगद २–२ हजार हात पारे। फाइनल खेलको म्यान अफ दि म्याच भने कास्कीका अभिषेक थापा भएका छन्। उनले नगद १ हजार प्राप्त गरे। प्रतियोगितामा विजेता टिम तथा खेलाडीहरुलाई कार्यक्रमका संयोजक एवं प्रदेश खेलकुदका कार्यकारी सदस्य ऋषीराम गौतम र कास्की क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले पुरस्कार वितरण गरेका थिए।

प्रतियोगितामा कास्की, तनहुँ, नवलपुर, गोर्खा, पर्वत, स्याङ्जा, बागलुङ र म्याग्दीको गरी ८ टिमको सहभागिता रहको थियो।

# वडा नं. १ को बक्तृत्वकला प्रतियोगितमा सुप्रिया प्रथम

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

पोखरा महानगरपालिका वडा नं. १ को आयोजनामा वडा भित्र रहेका १६ टोलविकास संस्थाका १० देखि १६ बर्ष उमेर समुहमा बालबालिकाहरु बिच ' विद्यार्थी जीवनमा अनुशासनको महत्व' बिषयक बक्तृत्वकला प्रतियोगितामा भिमबजार क टोल विकास संस्थाको सुप्रिया मानन्धर प्रथम भएका छन।

सत्यसैगरी अधिकारी टोल विकास संस्थाका प्रसुन अधिकारी द्धितिय, मोहोरिया सिंहनाथ टोल विकास संस्थाका बिश्वास तिमिल्सिना तृतिय र भिमकालीपाटन टोल विकास संस्थाका रोजन सुनारले सान्त्वना स्थान हासिल गरेका थिए। बिजयी प्रतियोगीहरुलाई सम्मान पत्र, दोसल्ला तथा नगद पुरस्कार प्रदान गरिएको थियो। उक्त कार्यक्रम पोखरा महानगरपालिका वडा नं. १ का वडा सदस्य शोभा गुरुङको अध्यक्षता तथा वडा अध्यक्ष सहारा प्रधानको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रमको उद्घाटन गर्नुहुदै प्रमुख अतिथी प्रधानले बालबालिकाहरुको विकासमा नै देशको विकास निर्भर हुने भएकाले सचेतना अभिबृद्धि गराउन कार्यक्रमको आयोजना गरिएको बताए।



उक्त प्रतियोगितामा निर्णायक मण्डलका संयोजकमा सस्कृत मा.बी.का व्यवस्थापन समिति अध्यक्ष बिष्णुप्रसाद अधिकारी रहेका थिए भने सदस्यहरुमा राष्ट्रिय मा.वि.का शिक्षक शिवभक्त देवकोटा र रत्ना नि.मा.बि.का शिक्षिका भगवती वन्जरा तिमिल्सिना रहेका थिए। वडा नं.१ बाल संरक्षण समितिका सदस्य सुरेश कुमार मानन्धरले स्वागत मन्तव्य राखेका थिए। वडा नं. १ अवस्थित टोलविकास संस्थाहरुबाट जम्मा १५ जना छात्रछात्राहरु सहभागी रहेको उक्त कार्यक्रमलाई वडाका कर्मचारी अप्सरा भण्डारीले सञ्चालन गरेका थिए। कार्यक्रममा टोल विकास संस्था, महिला समुह, बाल मञ्च पदाधिकारी, अभिभावक लगायतको उपस्थिति रहेको थियो।

# अन्नपूर्ण आरोहण दिवसः म्याराथनदेखि पदयात्रासम्म

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

पर्यटकीय नगरी पोखराको विश्वव्यापीरुपमा चर्चासँग जोडिएको हिमाल हो, अन्नपूर्ण।

हिमाल आरोहणको क्षेत्रमा जेठो हिमालका रुपमा अन्नपूर्ण प्रथमलाई लिइन्छ। सन् १९५० जुन ३ मा फ्रान्सका मोरिस हर्जोगले अन्नपूर्णको सफल आरोहण गरेसँगै विश्वमा नै हिमाल आरोहणतर्फ आकर्षण बढेको हो। पर्यटकीय नगरी पोखराको पहिचानसँग अन्नपूर्ण हिमाल प्रत्यक्ष जोडिएका कारण पनि अन्नपूर्ण आरोहण दिवसलाई पोखरा र आसपासका क्षेत्रमा विभिन्न कार्यक्रमका साथ मनाउने गरिएको ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताउनुभयो।

पहिलो पटक आरोहण गरेको दिन जुन ३ लाई प्रत्येक वर्ष टान गण्डकीले निरन्तररुपमा विभिन्न कार्यक्रमका साथ अन्नपूर्ण आरोहण दिवस मनाउँदै आएको उहाँको भनाइ छ। "टान गण्डकीको स्थापनाको ३० वर्षयता अन्नपूर्ण आरोहण दिवस विभिन्न कार्यक्रमका साथ मनाउँदै आइएको छ", उहाँले भन्नुभयो, "अन्नपूर्ण आरोहण दिवस नेपालकै पर्वतीय पर्यटनको विशिष्ट दिन हो।" नेपालमा आउने विदेशी पर्यटकमध्ये करिब ७० प्रतिशत पर्यटक पदयात्राका लागि आउने गरेको र जसमध्ये औसतमा १० प्रतिशत हिमाल आरोहण गर्न आउने गरेका छन्।

अन्नपूर्ण हिमाल आरोहणको सफलतासँगै नेपाल विश्वमा नै पर्वतीय पर्यटनको विशिष्ट आकर्षण बन्दै गएको बताउँदै अध्यक्ष पन्थीले यस दिवसको गरिमा र महत्वलाई जीवन्त राख्नु अपरिहार्य भएको बताउनुभयो।

फ्रान्सेली टोलीद्वारा आरोहण गरिएको अन्नपूर्ण प्रथम हिमालको उचाइ आठ हजार ९१ मिटर रहेको छ। अन्नपूर्ण हिमाल आरोहणको सफलतासँगै सन् १९५३ मे २९ तारिखमा विश्वको सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम स्व तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सफल आरोहण गरी कीर्तिमान कायम गरेका थिए। सर्वोच्च शिखर सगरमाथाभन्दा अन्नपूर्ण प्रथम हिमालको उचाइ कम भएको र आरोहणका दृष्टिले कठिन भएका कारण अन्नपूर्ण आरोहणको सफलताले त्यति ख्यातिप्राप्त गर्न नसके पनि यसले पर्वतारोहणका क्षेत्रमा विश्वकै जेठो हिमालको उपाधि हासिल गरेको टान पश्चिमाञ्चल क्षेत्रीय सङ्घका पूर्वअध्यक्ष सोम थापा बताउनुहुन्छ। विश्वबजारमा अन्नपूर्ण हिमालको महत्वलाई अझै उजागर गर्दै यसको पर्वतीय पर्यटनका क्षेत्रमा बजारीकरण गर्नु जरुरी रहेको उहाँले बताउनुभयो। अन्नपूर्ण हिमालको आरोहणपछि नै पोखराले पर्यटकीयस्थलका रुपमा राष्ट्रिय एवम् अन्तर ष्ट्रियस्तरमा थप चासो र चर्चा पाएको उहाँले बताउनुभयो। सन् १९५० अघि पोखरामा आउने विदेशी पर्यटकको सङ्ख्या नगन्य मात्र रहेकोमा अन्नपूर्ण हिमालको आरोहणसँगै यहाँको पर्यटकीय विकासको औपचारिक सुरुआत भएको देखिन्छ। हर्जोगले पोखरासहित नेपाललाई विश्वभर चिनाउने काम गरेको बताउँदै थापाले त्यसपछि मात्र नेपालका हिमालबारे अध्ययन–अनुसन्धान सुरु भएको बताए। अन्नपूर्ण आरोहण दिवसका दिन टान गण्डकीले प्रत्येक वर्ष अन्नपूर्ण हिमालका काखमा अवस्थित एक पर्यटकीय गाउँको प्रवर्द्धन गर्दै आएको छ। यस वर्ष मर्दी हिमाल पदमार्गअन्तर्गत हेम्जा मेलबोटदेखि आस्तामसम्म छोटो दूरीको पदयात्रासँगै पदमार्गको सरसफाइसमेत गरिने टान गण्डकीका अध्यक्ष पन्थीले जानकारी दिनुभयो। अन्नपूर्ण हिमाल र यस आसपासको सात हजार छ सय २९ वर्ग किमीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामार्फत संरक्षण गरिएको छ। जसअन्तर्गत मनाङ र मुस्ताङसहित म्याग्दी, कास्की र लमजुङका विभिन्न क्षेत्रलाई समेटिएको छ। अन्नपूर्ण आरोहण दिवसलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का संरक्षित क्षेत्रअन्तर्गतका स्थल घान्द्रुक, ल्वाङ, सिक्लेस, भुजुङ, जोमसोम, लोमान्थाङ र मनाङस्थित इलाका कार्यालयमा पनि विभिन्न कार्यक्रम गरी मनाउने गरिएको छ। दिवसकै अवसरमा अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजनामा आज अन्नपूर्ण आधार शिविर( एविसी) देखि घान्द्रुकसम्म (४२.१९५ किमिको)अन्नपूर्ण म्याराथन हुने भएको अन्नपूर्ण सेञ्चुरी पर्यटन महोत्सवका संयोजक ललित गुरुङले जानकारी दिनुभयो। म्याराथनका लागि विदेशी धावकसहित ५६ जना शनिबार नै अन्नपूर्ण आधार शिविर पुगी पूर्वअभ्यास गरिसकेको उहाँले बताउनुभयो। अन्नपूर्ण आरोहण दिवसको गरिमा र महत्वसँगै समग्र अन्नपूर्ण पदयात्रा क्षेत्रको प्रवर्द्धनका लागि म्याराथन आयोजना गरिएको उहाँले बताउनुभयो।

# रायडाँडामा टेलिकमको सेवा पुगेपछि स्थानीय हर्षित

पोखरापत्र संवाददाता
बागलुङ, २० जेठ

यहाँका नागरिक केहि समय पहिले नेपाल टेलिकमको नेटवर्क मार्फत कुराकानी गर्न डाँडाकाँडा धाउनु पर्ने बाध्यता थियो।

नेटवर्क सिग्नलको सहज पहुँच नहुँदा कुरा गर्दा काटिने, मोवाईलमा सिग्नल कमजोर भएर आउने जाने गर्ने गर्थ्यो, डेटा चल्दैनथ्यो जसका कारण नागरिकले सहज मोबाईल सेवा पाएका थिएनन। यहाँका मानिसहरुलाई सूचना आदान प्रदान गर्न निकै कठिनाई झेल्नु परेको थियो।

बागलुङ नगरपालिका वडा नं ११ रायडाँडामा नेपाल टेलिकमले मोवाईल सेवा विस्तार गरेसँगै यो समस्याको समाधान भएको छ। टेलिकमले बिटियस टावर निर्माण गरि सेवा सञ्चालनमा ल्याईएको जनाएको छ। सेवा सुचारु भएपछि स्थानीय बासिन्दाले गुणस्तरीय भ्वाइस र डाटा सेवा पाएको नेपाल टेलिकम बागलुङका प्रमुख तथा वरिष्ठ इन्जिनीयर केशव शर्माले बताउनुभयो। शर्माका अनुसार यसअघि त्यहाँ प्रभावकारी मोवाईल सेवा नहुँदा नागरिकलाई असहज भएको थियो। भौगोलिक विकटताका कारण छिमेकी वडाका टावरको सिग्नल पहुँच घर तथा कार्यालयमा निकै कमजोर थियो। टावर सञ्चालनमा आएपछि त्यहाँका झण्डै ३ सय घरधुरीमा मोवाईलको भ्वाइस र डाटा दुवै सेवा सहज भएको छ। रायडाँडा, भेडिखोर, बालौटे, राम्तोला लगायतका बस्ती टेलिकमको मोवाईल सेवाबाट प्रत्यक्ष लाभान्वित भएका छन्।

"पहिले देखि नै मोवाईल सेवाका लागि टेलिकमसँग माग गरिरहेका थियौं, अहिले टावर बनेर सेवा सुरु भइसक्यो, हामी स्थानिय खुशी छौं", स्थानिय फर्स बहादुर थापा मगरले भन्नुभयो।

मोवाईलमा इन्टरनेटको लागि तत्काललाई थ्रिजी सेवा सञ्चालनमा रहेको छ। उक्त टावरमा छिट्टै निकट भविष्यमा चौथो पुस्ताके फोरजी सेवा उपलब्ध गराउने टेलिकमको योजना छ। बागलुङ नगरपालिका वडा नं ११ का वडा अध्यक्ष ज्ञानेन्द्र गौतमले मोवाइल सेवाले स्थानीयवासीको दैनिकी सहज बनेको बताउनुभयो। ग्रामीण क्षेत्रमा टेलिकमको मोवाईल सेवाले सञ्चारको क्षेत्रमा फडको मारेको वडा अध्यक्ष गौतमको भनाई छ।

# सतौँ कोटमा प्याराग्लाइडिङको परीक्षण उडान

पोखरापत्र संवाददाता
वालिङ, २० जेठ

स्याङजाको पुतलीबजार–१४ सतौँ कोटमा प्याराग्लाइडिङको परीक्षण उडान सुरु गरिएको छ।

जिल्लाका विभिन्न ठाउँमा प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गर्नेक्रममा सतौँ कोटबाट बिहीबार परीक्षण उडान गरिएको हो। सतौँ कोटमा 'टेकअप प्वाइन्ट' बनाइएको छ भने आँधीखोलाको किनारमा 'ल्याण्डिङ प्वाइन्ट' सम्याउने काम गरिएको छ। सतौँ कोटबाट उडेर पुतलीबजार–१० को राङखोला–११ को गैरीजाँगर र राङखोला–१३ को चारखुट्टे पुलको मुखमध्ये कुनै एक ठाउँमा अवतरण गर्न सकिन्छ।

बाबु अन्तर्राष्ट्रिय प्याराग्लाइडिङ स्कुल, बाबु एडभेन्चर क्लब, रोडसाइड प्याराग्लाइडिङको प्राविधिक व्यवस्थापन, पुतलीबजार नगरपालिका र स्थानीय चण्डीकालिका सुव्यवस्था समितिको व्यवस्थापन तथा सहयोगमा पूर्वाधार निर्माण गरी परीक्षण उडान गरिएको बाबु एडभेन्चर क्लबका अध्यक्ष जङ्ग केसीले बताउनुभयो।

"सतौँ कोटमा प्याराग्लाइडिङको परीक्षण उडान सफल भएको छ", उहाँले भन्नुभयो, "यसको प्रचारप्रसार र व्यवस्थापनमा जोड दिई क्रमशः व्यावसायिक उडानको तयारी गर्ने छौँ।" सतौँ कोटमा प्याराग्लाइडिङको सम्भावना देखेर परीक्षण उडान गरिएको र सफल भएसँगै व्यावसायिक उडानतर्फको तयारी थालिएको उहाँले बताउनुभयो। जिल्लामै सञ्चालनमा रहेका कम्पनी तथा बाहिरि कम्पनीले पनि यहाँबाट व्यावसायिक उडान गर्न सक्नेछन्। 'टेकअप' र 'ल्याण्डिङ' प्वाइन्ट सुनौली–पोखरा जोड्ने सिद्धार्थ राजमार्गबाट नजिकै, राम्रो हावाको बहाव, आँधीखोलाले बनाएको फाँट, मनोरम हिम दृश्यले मनमोहक भएकाले पनि यहाँ प्याराग्लाइडिङ गर्नेको सङ्ख्या बढ्ने उहाँको विश्वास छ। पर्यटकीय नगरी पोखराबाट एक घण्टाको दूरीमा रहेको यस स्थानबाट 'स्लो र टेण्डम' दुवै किसिमको उडान गर्न सकिन्छ। जिल्लाका अन्य भागमा पनि प्याराग्लाइडिङ गर्न सकिने प्रशस्तै सम्भावनाका ठाउँ भएर पनि सञ्चालनमा आउन सकेका छैनन्। प्याराग्लाइडिङको प्रचुर सम्भावना बोकेका ठाउँको पहिचान गरी पोखराको विकल्पका रुपमा अगाडि बढाउन सकिने सम्भावना देखिन्छ। "प्याराग्लाइडिङ सञ्चालनका दृष्टिले प्रचुर सम्भावना भएका स्थान जिल्लाका विभिन्न ठाउँमा छन्", उहाँले भन्नुभयो, "प्रचारप्रसार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा पहिचान गराउन सकेको खण्डमा राम्रो आम्दानी गर्न सकिने आधार छन्।" सरोकारवालाको समयमै ध्यान पुग्न नसक्दा प्रचुर सम्भावना भएका स्थान ओझेलमा पर्दै गएका छन्। स्याङ्जामा यसअघि अन्तर्राष्ट्रियस्तरको प्याराग्लाइडिङ प्रतियोगितासमेत सञ्चालन भएको थियो।

# प्रथम गण्डकी प्रदेशस्तरिय फुल कन्ट्याक्ट प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २० जेठ

प्रथम गण्डकी प्रदेशस्तरिय फुल कन्ट्याक्ट प्रतियोगिता सम्पन्न भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा फुल कन्ट्याक्ट कराते संघ गण्डकी प्रदेशको समन्वयमा उक्त प्रतियोगिता सम्पन्न भएको हो। प्रतियोगितामा ३५ केजी तौल पुरुष तर्फ स्याङजाका सुरेश सार्कीले स्वर्ण पदक जितेका छन्। उनी प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित समेत भए। उनलाई प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य खगेन्द्र क्षेत्रीले नगद ५ हजार सहित पुरस्कृत गरे। सोही तौल स्पर्धामा तनहुँका सन्जन गुरुङले रजत पदक जित्दा म्याग्दीका अशिम सारु मगर र कास्कीका सत्कार प्रतेलले कास्य पदक जिते। ४५ केजी तौल पुरुषतर्फ गोर्खाका अर्मान गुरुङले कास्कीका विक्रम सुनारलाई फाइनलमा पराजित गर्दै स्वर्ण पदक जितेका छन्। कास्कीका संगम खड्का र स्याङजाका समिर खाँडले कास्य पदक हात पारे। ५५ केजी तौलतर्फ स्याङजाका निरज राना मगरले स्वर्ण, कास्कीका दिपेश ठकुरीले रजत, कास्कीका कृष्ण थापा मगर र तनहुँका गौरव थापाले कास्य पदक जिते। पुरुष खुल्ला



तौलमा स्याङजाका सञ्जय कुमार गुप्ताले स्वर्ण, म्याग्दीका लिला बहादुर बिकले रजत, कास्कीका अर्जुन विश्वकर्मा र गोर्खाका कुमार रोक्काले कास्य पदक हात पारे। त्यस्तै महिलातर्फको खुल्ला तौलतर्फ गोर्खाकी कविता नेपालीले स्वर्ण, स्याङजाकी चिन मायाँ दर्लामीले रजत, कास्कीकी कला क्षेत्री र पर्वतकी रोजा गुरुङले कास्य पदक जितेका छन्। महिलातर्फ नै भएको ५० केजी तौलमा कास्कीकी सरगम कुमालले फाइनल प्रतिस्पर्धामा कास्कीकै मेनुका अधिकारीलाई पराजित गरी स्वर्ण पदक जितेकी छन्। म्याग्दीकी सकृया पुन र नवलपुरकी आरती विकले कास्य पदक प्राप्त गर्न सफल रहे।

प्रतियोगितामा बिजेता खेलाडीहरुलाई गण्डकी प्रदेशकी सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडा, प्रदेश खेलकुद गण्डकीका सदस्य सचिव श्रीधर शर्मा, कार्यकारी सदस्य ऋषीराम गौतम, सदस्य खगेन्द्र क्षेत्रीलागतयले ट्रफी मेडल र प्रमाण पत्र वितरण गरेका थिए। सो अवसरमा मन्त्री सिंखडाले खेलकुद क्षेत्रलाई अझै व्यवस्थित बनाएर अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिन्। समापन कार्यक्रम फुल कन्ट्याक्ट कराते संघ गण्डकी प्रदेशका अध्यक्ष शिव बहादुर गुरुङको अध्यक्षतामा भएको थियो। दुई दिन सम्म सञ्चालन भएको प्रतियोगितामा मुख्य निर्णयकको भूमिकामा विजय आले मगर रत्न बहादुर आले, हरि बहादुर खड्का (नाराज) र कृष्ण बहादुर नेपाली रहेका थिए। प्रतियोगितामा मनाङ र मुस्ताङ बाहेक ९ जिल्लाका महिला तथा पुरुष खेलाडीहरु गरी ६० जनाको सहभागिता रहेको थियो।